नियोजन

(परिवार कल्याण पत्रिका)
अक्टोबर - डिसेम्बर १९९४

वर्ष २४ अङ्क ४

विषय - सूचि

सम्पादकीय : पेज नं.

शुभ जन्मोत्सव विशेष

श्री ५ वीरेन्द्र र संवैधानिक राजतन्त्र - मदन के सी १

जनसंख्या

नेपालमा जनसंख्या समस्या र परिवार नियोजन - गिरीधारी शर्मा पौडेल २९

समाज / स्वास्नी मान्छे

नेपाली महिलाहरूको संवैधानिक स्थिति - विपिन अधिकारी ११

यौन शिक्षा

किशोर किशोरीका जिज्ञासा : चिकित्सकको सल्लाह - ४

स्वास्थ्य / रोग

भिरिङ्गी मकुण्डे रोग - डा. अर्जुनदेव भट्ट २६

कथा

एक हुल मान्छेहरू - मणि लोहनी ३६

झिलिमिली देश - केशव प्रधान ५०

कविता

कालो रात - दीपक प्याकुरेल १०

जनसंख्या गीत - कृष्ण अधिकारी ९

गजल - रमेश सजल २५

स्तम्भ

परिवार नियोजनका साधन : एक जानकारी - अनु. घनश्याम श्रेष्ठ ४१

समस्या तपाईंको : सल्लाह डाक्टरको - डा. गणेशदत्त भट्ट ५८

अब हाँसौं - ६२

रोचक पृष्ठ : ढालको जन्म कथा - किशोर पहाडी ५५

नेपाल परिवार नियोजन संघ

- केन्द्रीय कार्यालयका गतिविधि ६५
- शाखाका गतिविधि ६९

Scanned with CamScanner

समाज स्वास्नीमान्छे

नेपाली महिलाहरूको संवैधानिक स्थिति

- विपिन अधिकारी

नेपालको संविधान वि. सं. २०४७ सालमा लिखित संविधानको रूपमा लागू गरिएको हो । यस संविधानले पनि वर्तमान नेपालको मूल कानूनको स्थान प्राप्त गरेको छ । बहुदलीय व्यवस्था, मानव अधिकार, स्वतन्त्र न्यायपालिका तथा संवैधानिक राजतन्त्रको माग लिएर वि. सं. २०४६ सालमा भएको जन-आन्दोलनको राजनैतिक अभिव्यक्तिलाई नेपालको इतिहासमा प्रथम पटक जनस्तरबाट गठित संविधान सुझाव आयोगबाट समाहित गरी यो संविधान तर्जुमा गरी शाही घोषणाबाट लागू गरिएको हो । अन्य कुराहरूका अतिरिक्त जनस्तरबाट प्राप्त व्यापक समर्थन तथा संविधान लागू भएपछि जन-आन्दोलनको समाप्त हुन गएको कारणबाट पनि यो संविधान वैध संविधान(Legitimate Constitution) मान्न सकिन्छ । वैधताको कसी केवल संविधान सभा नभई उपरोक्त तथ्यहरू पनि हुन् ।

हालसालै तर्जुमा गरी लागू गरिएको भएता पनि नेपालको यो वैध संविधान महिला तथा कानून आन्दोलन वा महिलावादी विधिशास्त्र (Feminist Jurisprudence) बाट प्रभावित भएको संविधानको रूपमा लिन सकिंदैन । वस्तुतः यो संविधान तर्जुमाका लागि राय संकलन

Scanned with CamScanner

गर्ने व्यक्तिहरू, संविधान तर्जुमा गर्ने प्रमुख राजनैतिक नेतृत्वहरू, तर्जुमा कार्यमा लागेका विशेषज्ञहरू, संविधान घोषणा गर्ने श्री ५ महाराजाधिराज लगायत संलग्न सबै पक्ष पुरूषहरू नै थिए । संविधान निर्माणको दौरानमा पनि कुनै शक्तिशाली स्वदेशी वा विदेशी सार्वजनिक महिला संगठनको सक्रियता रहेको वा महिला राजनीतिज्ञको संलग्नता रहेको आधिकारिक स्रोतबाट पुष्टि भएको देखिएको छैन । यसको प्रमुख कारण नेपालमा समग्र रूपमा नारी आन्दोलनको प्रादुर्भाव भइनसकेको तथा गैह सरकारी संस्थाको रूपमा पनि कुनै महिला संगठनले दबाव समूह (Pressure Group) को रूपमा भावी संविधानलाई प्रभावित गर्न नसक्नु पनि हो । जनआन्दोलनलाई प्रेरित गर्ने राजनैतिक पार्टीहरूको पनि प्रमुख चिन्ता सार्वभौमसत्ता जनतामा सरल रूपमा हस्तान्तरण गर्नु तथा संविधानले महिलाको प्रश्नलाई सामान्य मानवाधिकार एवं समानताको सिद्धान्त भन्दा बढी अर्थमा लिन नसकेको प्रष्ट देखिन्छ ।

२.१ प्रस्तावनाको भावना

राज्यको आधा जति जनसंख्या ओगट्ने महिलाहरूका सम्बन्धमा प्रस्तावनाले के उल्लेख गरेको छ भन्ने प्रश्न महत्त्वपूर्ण प्रश्न छ । संविधानले स्वतन्त्रता र सार्वभौमसत्ता-सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता हो तथा शासन व्यवस्था सञ्चालनको वैध तरिका लोकसम्मति हो भन्ने तथ्यलाई सर्वोपरि मानेको छ । संविधानको प्रस्तावनामा नेपाली जनताले केही समय अघि भएको जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरूप नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट यो संविधान अभिप्रेरित भएको उल्लेख गरिएको छ । यस अनुसार प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भातृत्व र एकता कायम गरी मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक

Scanned with CamScanner

राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्यायपालिकाको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिताबाट संविधान बनाइएको प्रस्तावनाले प्रष्ट गरेको छ । प्रस्तावनाले कसैको पक्षमा कुनै अधिकार वा दायित्त्वको सृजना गर्ने नभएता पनि कुनै संवैधानिक प्रावधान वा संविधानलाई नै पनि समग्र रूपमा व्याख्या गर्दा प्रस्तावनामा उल्लिखित भावनाको महत्त्वपूर्ण रूपमा सहयोग लिने गरिन्छ । संविधानको धारा ११६ ले प्रस्तावनाको भावनालाई संविधानको आधारभूत संरचना मानेकोले यो भावनालाई अतिक्रमण नगरी संविधानको संशोधन गर्न सकिंदैन । जहाँसम्म संविधानको प्रस्तावना सम्बन्धित छ, हामी यो मान्न सक्दछौं कि लिंगभेदको आशयलाई यसले मान्यता प्रदान गरेको छैन । संविधानमा उल्लिखित मौलिक अधिकारहरू तथा अन्य संवैधानिक अधिकारहरू महिला तथा पुरूषलाई समान रूपमा प्रयोग हुन्छन् । मौलिक हक राज्यको विरूद्ध नागरिकहरूलाई प्रदान गरिएको हक हो । यस अर्थमा सर्सती हेर्दा संविधान अन्तर्गत महिलाहरूको स्थिति यस्तो देखिन्छ -

२.२ समानताको हक

संविधानको धारा ११ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनी राज्यका विरूद्ध नागरिक समानताको हकको प्रत्याभूति गरेको छ । सामान्य कानूनको प्रयोगमा (तथा राज्यले नागरिकहरूका बीच) धर्म, वर्ण, लिंग, जातजाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने प्रावधान पनि संविधानको हक अन्तर्गत प्रत्याभूति गरिएको छ । तर महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न

Scanned with CamScanner

सकिने आश्वासन पनि समानताको हकभित्रको एउटा शर्त हो । यस प्रावधान अन्तर्गत समानताको हकलाई अक्षुण्ण राख्दै महिलाको सम्बन्धमा वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको महिला वर्गको सम्बन्धमा संरक्षण प्रदान गर्न सरकारले अख्तियारी पाएको छ । तर समानताको हकलाई प्रचलन गराउनका लागि अनिवार्य रूपमा महिलाको संबन्धमा विशेष व्यवस्था गर्न राज्य उपर कुनै कर्तव्य तोकिएको भने छैन ।

२.३ स्वतन्त्रताको हक

संविधानको धारा १२. (१) ले कानून बमोजिम कुनै पनि महिला तथा पुरूषको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन भनी हरेक व्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गरेको छ । यस धारा अन्तर्गत नै हरेक व्यक्तिको ज्यान तथा जिन्दगीलाई संरक्षण गर्ने संवैधानिक आश्वासन दिइएको छ । स्वतन्त्रताको हक अन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, संघ र संस्था खोल्ने स्वतन्त्रता, अधिराज्यभरी आवत जावत र बसोवास गर्ने स्वतन्त्रता तथा इच्छा अनुसारको पेशा रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता पर्दछन् । उपरोक्त सबै स्वतन्त्रताहरूलाई अर्थपूर्ण बनाउनका लागि विभिन्न मुनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउने अधिकार उक्त धाराले सरकारलाई प्रदान गरेको छ । संविधानको धारा १२ (२) ले वाक् तथा प्रकाशनको स्वतन्त्रताको प्रत्याभूति गर्नु कुनै नौलो कुरा होइन । तर अश्लील चित्रहरू एवं महिलाहरूको प्रतिष्ठा (Integrity) विरूद्ध लेखिएका छापाहरूलाई वाक् प्रकाशन स्वतन्त्रताको जामा ओढाउन खोज्नु भने नौलो कुरा हो । कलाको जतिसुकै रचनात्मक वा सिर्जनशील उत्पादनलाई पनि मर्यादा, सुशीलता, मानव प्रतिष्ठा तथा लिंग समानताको आधारमा प्रस्तुत गर्न सकिन्छ । महिलावादी विधिशास्त्रको

Scanned with CamScanner

दृष्टिले नागरिक ऐन लगायत अन्य सम्बन्धित सबै कानूनहरूको यस दृष्टिले संशोधन वा परिमार्जनको आवश्यकता अझै छ ।

२.४ महिला स्वास्थ्य सम्बन्धी हक:

सामान्यतया स्वास्थलाई हामी शारीरिक अवस्थाको रूपमा लिन्छौं तथा बिरामी पर्नु, रोगव्याधि लाग्नु, असुग्घरी अवस्थाहरू तथा खानपिन जस्ता लक्षणहरू अस्वस्थ व्यक्तिका लक्षणका रूपमा लिइन्छ । तर स्वास्थ्य भनेको केवल कसैगरी शारीरिक रूपमा बाँच्नु मात्र नभई मानिसको शारीरिक एवं मानसिक कल्याण तथा कसैको आफ्नो शरीरसंगको सकारात्मक सम्बन्ध पनि हो । त्यस्तै कुनै व्यक्ति वा समूहको स्वास्थ्यको स्थितिको जाँच पडताल गर्न, वर्ग, जात-जाति, राजनैतिक तथा सामाजिक अवस्थाहरूलाई पनि ध्यानमा राख्नु जरूरी हुन्छ । नेपाल कानूनले महिलाको स्वास्थ सम्बन्धी अधिकार भनी महिलाहरूको कुनै एकीकृत अधिकार समूहको व्यवस्था गरेको छैन । जहाँसम्म संवैधानिक प्रावधानको प्रश्न छ, संविधानमा उल्लिखित सबै मौलिक अधिकारहरू, जो व्यक्तिको मूल्य तथा प्रतिष्ठाको रक्षाका लागि प्रत्याभूति गरिएका छन् ती महिला तथा पुरूषलाई समान रूपमा प्रयोग हुन्छन् । तर पनि स्वास्थ्य सम्बन्धी अधिकारलाई स्वतन्त्र अधिकारको रूपमा उल्लेख गरिएको छैन । यद्यपि संविधानको धारा ११ अन्तर्गत स्वास्थ्य सम्बन्धी मौलिक अधिकार पनि अन्तर्निहित छ भन्ने कुरालाई अस्वीकार गर्न सकिंदैन । बाँच्न पाउने अधिकारको सदुपयोग तब मात्र अर्थपूर्ण हुनसक्छ, जब बाँचिएको जीवन अन्य कुराको अतिरिक्त स्वस्थ पनि हुन्छ । स्वास्थ्यले जीवनको भरपूर प्रयोग, सुख, सुविधा तथा स्वस्थ मनस्थितिको सिर्जना गर्दछ तथा अन्य संवैधानिक प्रत्याभूतिहरूको उपभोग गर्न सुयोग्य पार्दछ । अत: स्वास्थ्य सम्बन्धी अधिकार हरेक जीवनको आफैंमा एक महत्त्वपूर्ण पक्ष हो ।

Scanned with CamScanner

हाम्रो समाजमा महिला (आमा, दिदी, बहिनी वा जोसुकै पनि) खाना पकाउने र सबैलाई खुवाइसकेपछि मात्र आफू खाने वा पुगे मात्र खाने परिवारको सदस्यका रूपमा रहेका छन् । छोराछोरी तथा पुरूषहरूलाई सकेसम्म राम्रो खुवाउन तथा आफू कसैगरी सस्तो बेसाहाले पेट भर्ने वा भोकै वा आधापेट मात्र छाक टार्ने कारणले गर्दा सामान्यतया साधारण नेपाली परिवारका महिलाहरू या त खाद्यान्नको परिमाणका कारणले अस्वस्थ हुन्छन् या त त्यसको गुणस्तरको कारणले कमजोर हुन्छन् । खुराकको परिमाण तथा गुणस्तर दुवैका कारणले गर्दा परिवारका पुरूष सदस्यहरूभन्दा महिला सदस्यहरूले कम क्यालोरी प्राप्त गर्दछन् । यो कमीका कारण महिलाहरूको स्वास्थ प्रायः जीवन धान्ने स्तर (Maintenance level) सम्मको मात्र हुन्छ । भारीज्यूको हुँदा वा बच्चा जन्मिसकेपछि दूध चुसाउनका लागि आवश्यक थप क्यालोरी नहुनाको कारण गर्भाधानपछि सामान्यतया औसत नेपाली महिलाहरूको स्वास्थ्य बिग्रन थाल्छ । ज्यादाजसो महिलाहरूमा न्यूट्रिसनल एनिमिया (Nutritional anaemia) हुनुको कारण यही हो ।

'पोषण, तथा अत्यधिक श्रमका कारण आमा तथा भ्रूण दुवैले पर्याप्त वजन लिन सक्दैनन् । त्यस्तै यिनै कारणले गर्दा ज्यादाजसो महिलाहरू समयमा नछुने हुन नसक्ने, गर्भपात हुने तथा ढाड दुख्ने रोगहरूद्वारा पीडित हुन्छन् । यी रोगहरू बारम्बार दोहरिनाले जतिखेर पनि बिसञ्चो भए जस्ता (Extreme fatigue) देखापर्ने तथा कहिलेकाहीं दुर्घटना पनि हुने गर्छ । यौन सम्बन्धको प्रश्न पनि पुरूषप्रधान भएका कारणले गर्दा छोराछोरी पाउने वा नपाउने कुरामा पनि महिलाहरूको इच्छाको आदर नगण्य रूपमा हुन्छ । छोरा पाउने धुन तथा वर्तमान बाल मृत्युदरको कारणले बूढी नहुञ्जेलसम्म बच्चा पाइराख्नुपर्ने बाध्यता हुन्छ । त्यस्तै गर्भनिरोध वा परिवार नियोजनका साधनहरूमध्ये कुन साधन अपनाउने भन्ने कुरामा पनि महिलाको छनोटले महत्त्व

Scanned with CamScanner

पाउँदैन । हाल बढ्दो वातावरण प्रदूषण, वन विनाश इत्यादि कारणले गर्दा पानी लिन जाने, घाँसपात गर्ने जस्ता कार्यमा अतिरिक्त मेहनत गर्नुपर्ने अवस्था महिलाहरूको छ । घरबार चलाउनुको साथसाथै केटाकेटी हुर्काउने दुवै कर्तव्यहरू परम्परागत रूपमा महिलाले नै पूरा गर्दछन् । दुवै छाक दाउरा वा गुँइठाको आगोमा बसेका कारणले मात्र दिनको १०-१५ बट्टा सिगरेटको धुवाँ बराबर धुवाँ हरेक गृहिणीले खानुपर्ने बाध्यता हुन्छ । लिपपोतको साथसाथै धेरैजसो धूलो माटोको काम गर्नु पर्ने हुँदा औसत नेपाली महिलाहरू फोक्सोका रोगी हुन्छन् तथा जीवनको उत्तरार्धमा क्षयरोगसंग लडाई गरिरहेका हुन्छन् । यसका बाबजूद पनि सार्वजनिक मूल्य, मान्यता तथा विश्वास सक्रिय हुन चाहन्छ । महिलाहरूप्रति संवेदनशील भएको नपाउँदा कतिपय महिलाहरू न्युरोसिस र साइकोसिसबाट प्रभावित हुन पुग्छन् ।

अचेल निर्बाध रूपमा इलेक्ट्रोनिक सञ्चार माध्यम, पत्रपत्रिकाहरू एवं अन्य कारणहरूबाट आयातित यौन खुलापनका कारण कतिपय उमेरदार महिलाहरू अनियोजित रूपमा गर्भिणी हुन पुग्छन् तथा पेटको बच्चा ठूलो हुन लागेपछि समाजबाट भय आक्रान्त भई आफ्नो स्वास्थ्यका विरूद्ध अवैध रूपमा गर्भ तुहाउन पुग्दछन् । अझसम्म हार्मीसग प्रिग्नेन्सीको मेडिकल टर्मिनेशन सम्बन्धी पर्याप्त कानून छैन । त्यस्तै अहिले व्यापक रूपमा स्त्रीरोग विशेषज्ञबाट तरूण महिलाहरूको स्वास्थ्य विरूद्ध भइरहेको गर्भपतनलाई प्रतिबन्धित गर्ने कुनै कानून वा मेडिकल जस्टिफिकेशन माग गर्ने व्यावसायिक संस्था कानूनले व्यवस्था गर्न सकेको छैन । अतः महिलावादी विधिशास्त्रको दृष्टिकोणले आयुर्वेद चिकित्सा परिषद ऐन् २०४५, औषधि ऐन् २०३५, खाद्य ऐन २०२३, जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३, नागरिक अधिकार ऐन २०१२, नेपाल मेडिकल काउन्सिल ऐन २०२०, विवाह दर्ता ऐन २०२८, मुलुकी ऐन इलाज गर्नेको महल

Scanned with CamScanner

इत्यादि समेत महिला स्वास्थ्यलाई असर गर्ने सम्पूर्ण नेपाल कानूनलाई संविधानको आशय बमोजिम संशोधन तथा परिमार्जन गर्नुको साथसाथै महिला स्वास्थ्य (संरक्षण) सम्बन्धी ऐन तर्जुमा गरी लागू गर्नु आवश्यक देखिन्छ ।

२.५ छापाखाना र पत्रपत्रिका सम्बन्धी हकः

कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध नलगाइने व्यवस्था संविधानको धारा १३ ले गरेको छ । त्यस्तै कुनै समाचार, लेख, या अन्य कुनै पाठ्य सामग्री मुद्रण गरेबापत सरकारले छापाखाना बन्द वा जफत गर्न नपाइने तथा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गरेबापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज नगरिने प्रत्याभूति पनि संविधानले दिएको छ । महिलावादी विधिशास्त्रको प्रयोजनका लागि गाली र बेइज्जती ऐन २०१६, चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन २०२६, छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०३९, रेडियो ऐन २०१८, वाक् तथा प्रकाशन स्वतन्त्रता २०३७, राष्ट्रिय प्रसारण ऐन २०४९ इत्यादिलाई महिलाको सम्मान, प्रतिष्ठा तथा वैयक्तिक मूल्यहरूलाई अक्षुण्ण गर्ने गरी संशोधन तथा परिमार्जन गर्नु आवश्यक छ ।

२.६ फौजदारी न्याय सम्बन्धी हकः

धारा १४ (१) अन्तर्गत प्रचलित कानूनले सजायँ नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायँको भागी नहुने तथा कुनै व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजायँ दिन नपाउने व्यवस्था छ । कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसूरमा एक पटक भन्दा बढी मुद्दा नचलाइने र सजाय नगरिने प्रावधान पनि यस धारा अन्तर्गत उल्लिखित छ । आफ्नो विरूद्ध साक्षी हुन कर नलगाइने न्यायिक सिद्धान्तलाई संविधानले अंगीकार गरेको छ । अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू

Scanned with CamScanner

कुनै किसिमको थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन तथा त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइने छ भन्ने प्रत्याभूति पनि दिइएको छ । पक्राउ परेको व्यक्तिलाई सो कारण सहित सूचना दिनुपर्ने एवं निजले कानून व्यवसायीको परामर्श लिन सक्ने तथा पुर्पक्ष गर्ने हकले पनि आधारभूत हकको रूपमा मान्यता पाएको छ । पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्न पाइँदैन । महिलावादी विधिशास्त्रको दृष्टिले सरकारी मुद्दा सम्बन्धी ऐन २०१७, प्रहरी ऐन २०१२, सार्वजनिक सुरक्षा ऐन २०४६, केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७, मुलुकी ऐन दण्ड सजायँको महल र बेरितसंग थुन्दाको महल समेतका कानूनहरूलाई महिला सम्बन्धमा फौजदारी न्यायसम्मत बनाउनु जरूरी छ ।

२.७ सूचनाको हकः

प्रत्येक नागरिकलाई धारा १६ अन्तर्गत सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ । तर यस धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिंदैन । यो धाराको प्रयोजनका लागि पनि महिलाहरूको सम्बन्धमा सरल रूपमा सूचनाहरूको आदान प्रदान हुनसक्ने व्यवस्था कानूनबाट सिर्जना गर्नुपर्छ । त्यसैगरी सूचनाको हकले महिला गोपनीयताको हकलाई अतिक्रमण हुन सक्ने स्थितिको निर्माण कानूनले गर्नु हुँदैन ।

Scanned with CamScanner

२.८ सम्पत्तिको हकः

धारा १७ ले सबै नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हकको प्रत्याभूति गरेको छ । सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्न पाउँदैन । सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सिर्जना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्यप्रणाली कानूनद्वारा निर्धारित गरिए बमोजिम हुन्छ । महिलावादी विधिशास्त्रको दृष्टिकोणले सम्पत्ति सम्बन्धी उपरोक्त मौलिक हकलाई मुलुकी ऐनको लोग्ने स्वास्नी अंशवण्डा, स्त्री अंशधन, धर्मपुत्र-दोलाजी, अपुताली, लेनदेन व्यवहार, दान-बकस, रजिष्ट्रेशन, सम्बन्ध विच्छेद इत्यादि सम्बन्धी कानूनहरूले महिलाको विरूद्धमा व्यापक रूपमा असर गरेका छन् । त्यसैगरी महिलाहरूको सम्पत्ति सम्बन्धी मौलिक हकलाई संरक्षण तथा परिमार्जन गर्न भूमि सम्बन्धी ऐन २०२१, सामाजिक व्यवहार सुधार ऐन २०३३ तथा सम्पत्ति तथा अर्थ सम्बन्धी विभिन्न ऐनहरूमा समानताको आधारमा सुधार तथा एकीकरण गर्नु जरूरी छ ।

२.९ शोषण विरूद्धको हकः

धारा २० अन्तर्गत मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरूद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने संवैधानिक प्रत्याभूति पनि छ । तर सार्वजनिक प्रयोजनका लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्दैन । यस धाराले नाबालकलाई कुनै कलकारखाना, खानी वा त्यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन पनि वर्जित गरेको छ । शोषण केवल आर्थिक वा सामाजिक मात्र

Scanned with CamScanner

नभई मनोवैज्ञानिक पनि हुन्छ । यो पक्षलाई विचार गरी महिला शोषण विरूद्ध कानून बनेका छैनन् । प्रचलित कानूनहरूमा पनि सुधारको क्षेत्र प्रशस्त फराकिलो छ । यस धारालाई महिलाहरूको हकमा पूर्णतः कार्यान्वयन गर्नाका लागि अपांग संरक्षण तथा कल्याण ऐन २०३९, कारागार ऐन २०१९ दैवी प्रकोप (उद्धार) ऐन २०३९, नेपाल खानी ऐन २०२३, मजदूर ऐन २०४९, पर्यटन ऐन २०३५, प्रहरी ऐन २०१२, भिक्षा माग्न (निषेध गर्ने) ऐन २०१८, वैदेशिक रोजगार ऐन २०४२, संक्रामक रोग ऐन २०२०, जिउ मास्ने बेच्नेको महल, गरीब कंगालको महल इत्यादि समेतमा महिला शोषण विरूद्ध प्रावधानहरूको समसामयिक व्यवस्था गर्नु जरूरी छ ।

२.१० गोपनीयताको हकः

धारा २२ अनुसार कुनै पनि व्यक्तिको जिउ, आवाज, सम्पत्ति, लिखत, पत्राचार, वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने प्रत्याभूति पनि नयाँ नेपालको संविधानले प्रदान गरेको विशेष हक हो । गोपनीयताको हक पनि महिला तथा पुरूष दुवैलाई समान रूपमा प्रत्याभूति गरिएको हक हो । तर हाम्रो परिप्रेक्ष्यमा महिलाको सम्बन्धमा यसका अतिरिक्त पक्षहरू हुन सक्दछन् । पाश्चात्य मुलुकहरूमा उमेर, सन्दर्भ, स्त्रीरोग जस्ता कतिपय विषयहरूमा स्वतन्त्र महिलाहरूले गोपनीयताको अधिकारको दावी गरेका छन् । हाम्रो परिप्रेक्ष्यमा पनि यसबारे नेपाली महिलाहरूको अलग धारणा हुनसक्छ ।

२.११ अन्य हकः

निवारक नजरबन्द विरूद्धको हक, संस्कृति तथा शिक्षा सम्बन्धी हक, धर्म सम्बन्धी हक, तथा देश निकाला विरूद्धको हक संविधानले प्रत्याभूति गरेका अन्य हकहरू हुन् । यी

Scanned with CamScanner

मौलिक हकको महिला सम्बन्धी पक्षहरूलाई महिलावादी विधिशास्त्रको आन्दोलनले समयानुसार प्रभावित गर्नसक्छ ।

२.१२ संवैधानिक उपचारको हक:

संविधानले प्रत्याभूति गरेका उपरोक्त सम्पूर्ण हक वा अधिकार प्रचलन गराउनाका लागि सर्वोच्च अदालतमा कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको छ । धारा ८८ अनुसार संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसंग बाझिएको हुँदा सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरिपाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिनसक्छ । सो अनुसार कुनै कानून संविधानसित बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्राप्त छ । त्यस्तै मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्राप्त छ । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्नसक्छ ।

२.१३ नागरिकताको हक:

नागरिक हकको उपभोग गर्नाका लागि प्रथम शर्तको रूपमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुपर्छ । अनागरिकले राज्यका

Scanned with CamScanner

तर्फबाट संविधानले प्रत्याभूति गरेका धेरैजसो मौलिक अधिकारहरू तथा सार्वभौमसत्ताको एकाइ स्रोतको रूपमा मताधिकार समेत प्राप्त गर्न सक्दैन । नयाँ संविधानले यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशको नाताले नेपालको नागरिक हुन्छ भनी किटान गरेको छ । त्यस्तै नेपाल अधिराज्यभित्र फेला परेका, पितृत्वको ठेगाना नभएका प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिन्छ । तर महिलाको सम्बन्धमा नागरिक हुनबाट वञ्चित हुन सकिने स्थिति छ ।

२.१४ संवैधानिक पदहरूमा नियुक्ति

संविधानले विभिन्न संवैधानिक निकाय (जस्तो निर्वाचन आयोग, सर्वोच्च अदालत, महालेखा परीक्षक इत्यादि) को सिर्जना गरेको छ । यसको अतिरिक्त संवैधानिक निकायको रूपमा नभए तापनि संविधान अन्तर्गत सिर्जना गरिएका पदहरू (जस्तो राजदूतहरू) का लागि राजनैतिक नियुक्तिको व्यवस्था गरेको छ । यस्ता नियुक्तिहरूमा लिंग विभेद नगरिएको भए तापनि राज्य व्यवस्थाका त्यस्ता उच्च तथा गरिमामय पदहरूमा महिलाहरूको आरक्षण नभएको कारणले गर्दा पुरूषहरू सरह महिलाको उपस्थिति देखिंदैन । उदाहरणको लागि २००७ सालमा प्रजातन्त्र आएदेखि आजसम्म पनि सर्वोच्च अदालतका न्यायधीशहरू, महालेखा परीक्षक, लोकसेवा आयुक्त, अ. दु. अ. आ. आयुक्त, महान्यायाधिवक्ता जस्ता पदहरूमा सुयोग्य उम्मेदवार पाइए तापनि महिला उम्मेदवारलाई नियुक्त गरिएको छैन । संवैधानिक आरक्षणको अभावमा सम्पूर्ण राज्य प्रणाली नै पुरूषप्रधान हुन गएको तथा त्यस्ता गरिमामय पदहरूमा महिलाको नियुक्ति नभएको कारणबाट आम महिलाहरूको मनोवैज्ञानिक शोषण भएको तथ्य आफैंमा स्पष्ट छ ।

Scanned with CamScanner

राजनैतिक स्वार्थका कारण जनजाति, जातपात वा भौगोलिक विषयहरूलाई आधार बनाई आरक्षणको दावी गर्ने राजनैतिक समूहहरू देखा परे तापनि महिला वर्गकै प्रतिष्ठा (Dignity) को हकमा सम्बन्धित पक्षहरूबाट कुनै आवाज उठाइएको छैन । त्यस्ता संवैधानिक एवं महत्त्वपूर्ण पदहरू पदकै लागि महत्त्वपूर्ण नभई सो पद अन्तर्गत लिन सकिने निर्णय वा अधिकार एवं शक्तिका लागि महत्त्वपूर्ण छन् । महिलाहरूको यथास्थिति (Staus quo) परिवर्तन गर्नका लागि त्यस्ता पदहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चित हुनु जरूरी छ । हुन त उपरोक्त सम्बन्धमा भारत, बेलायत वा अमेरिका जस्ता प्रजातान्त्रिक मुलुकहरूमा पनि आरक्षणको व्यवस्था छैन तर विकासोन्मुख मुलुकहरूमा संवैधानिक व्यवस्थाद्वारा महिलाहरूको स्थितिमा तत्काल परिवर्तन ल्याउनु पुरूष विवेकको आधारमा क्रमशः विकास गर्नु भन्दा सजिलो हुन्छ ।

* * * * * *

(संवैधानिक तथा संसदीय अभ्यास समाजद्वारा प्रकाशित 'महिला तथा कानून' विषयक पुस्तकमा श्री विपिन अधिकारीद्वारा लिखित 'नेपाली महिलाहरूको संवैधानिक स्थिति तथा नेपाल कानूनमा महिलावादी आन्दोलनको अवस्था' शीर्षक लेखकबाट लेखकको अनुमतिले उद्धृत गरिएको अंश)

Scanned with CamScanner